# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडलाई आईपीओ निष्काशनका लागि अनुमति प्राप्त

मितिः २०७९/०८/०९,

यस एशियन हाइड्रोपावर लिमिटेडले साधारण शेयर (आईपीओ) निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको छ । यस कम्पनीले मिति २०७९ मंसिर ७ गते नेपाल धितोपत्र बोर्डबाट साधारण शेयर निष्काशनका लागि स्वीकृति प्राप्त गरेको हो ।

कम्पनीद्वारा इलाम जिल्लामा निर्माण सम्पन्न गरी मिति २०७८ कार्तिक १५ गतेदेखि व्यापारिक उत्पादन समेत आरम्भ गरिसकेको ६.२ मे.वा क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाले प्रभावित क्षेत्रका वासिन्दा तथा अन्य सर्वसाधारणका लागि प्रति शेयर अंकित मूल्य रु. १००/- (अक्षेरुपी एकसय मात्र) दरका मूल्य रु. ११,८०,००,०००/- (एघार करोड अस्सी लाख) बराबरको कुल ११, ८०, ००० (एघार लाख अस्सी हजार) कित्ता शेयरहरु सार्वजनिक निष्काशन गर्नका लागि अनुमति प्राप्त गरेको छ ।

सार्वजनिक निष्काशन गरिने कुल शेयरहरुमध्ये आयोजनाले प्रभावित क्षेत्रका वासिन्दाका लागि ३,४०,०००/- (तीन लाख चालिस हजार) तथा अन्य सर्वसाधारणका लागि ८,४०,०००/- (आठ लाख चालिस हजार) कित्ता शेयर छुट्याइएको छ ।

आईपीओमा आवेदन दिने बारेमा थप जानकारी पुनः अर्को सूचना मार्फत प्रदान गरिनेछ ।

कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एन.एम.बी क्यापिटल लिमिटेड रहेको छ ।

एशियन हाइड्रोपावर उर्जा डेभलपर्स प्रा.लि को सम्बद्ध संस्था हो । उर्जा डेभलपर्स र यससँग सम्बन्धित कम्पनीहरुले सन् २०३० सम्ममा कुल १००० मेगावाट क्षमताका विद्युत आयोजनाहरु विकास गर्ने लक्ष्य लिएको छ ।